# छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरु

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह

(कोर्ष नं ५९८) दोस्रो वर्षको आंशिक आवश्यकता

परिपूर्तिको लागि प्रस्तुत

शोधपत्र

शोधार्थी

नाम : सविन कुमार भट्टराई

त्रि.वि.द.नं. : ९-१-९-५८५-९७

परीक्षा रोल नं. : २२२००५१

त्रि.वि. शिक्षा शास्त्र सङ्काय बरुण वहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

खाँदवारी, सङ्खुवासभा

२०७१

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
वरुण बहुमुखी क्याम्पस
खाँदबारी, सखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय वरुण बहुमुखी क्याम्पस खाँदबारी शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड. शोध वर्षका छात्र सविनकुमार भट्टराईले छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरु  शीर्षकको शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अध्ययन अनुसन्धानको सीमा र मर्मलाई ध्यानमा राखी मेहनतपूर्वक तयार गर्नुभएको यो शोध पत्र देखि म सन्तुष्ट भई मूल्याङ्कनका लागि शोध पत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.................................

शोध निर्देशक

सन्तोषकुमार बराल

मिति : २०७२/०२/०१

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
**वरुण बहुमुखी क्याम्पस**
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

# स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह शोध वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि सविनकुमार भट्टराईले छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरु शीर्षकमा गर्नुभएको शोध पत्र शोध मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मुल्याङ्कन समिति

शोध मुल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग | अध्यक्ष | |
| २. | सन्तोषकुमार बराल | शोध निर्देशक | |
| ३. | मोहनमणी पोखरेल | बाह्य सुपरिवेक्षक | |

मिति : २०७२/०२/०६

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक उद्देश्य परिपूर्तिको लागि तयार पारिएको प्रस्तुत शोधपत्र "छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरु" सँग सम्बन्धित छ । शोधपत्र पूर्णतया सम्बन्धित अभिभावक वालिका, विद्यालयका प्रधानाध्यापक, महिला शिक्षिका, विद्यालय व्यवस्थापन समितिका महिला सदस्य, विभिन्न संघसंस्थाहरुबाट प्राप्त तथ्याङ्क एवं जानकारीहरुको आधारमा तयार पारिएकोले उक्त समुदायसँग सम्बन्धित उपयुक्त शैक्षिक कार्यक्रमक्रहरु सञ्चालन गर्नका लागि उपयोगी हुनेछ भन्नेमा म विश्वस्त छु ।

प्रस्तुत शोधपत्र आदरणीय शोध निर्देशक सन्तोषकुमार वरालको निर्देशनमा तयार पारिएको छ । आफ्नो व्यस्तताको बाबजुद पनि शोधपत्रको शुरुदेखि अन्त्य सम्म सधैं सद्भावपूर्ण तरिकाले मार्ग निर्देशन गर्नु भएकोमा म हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु ।

शोध प्रस्ताव र शोधपत्र तयार गर्ने क्रममा सहयोग गर्नुहुने श्रद्धेय गुरु एवं क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै शोध लेखन कार्यमा सहयोग गरी आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउने वागीश्वरी उ.मा.वि. र अरुणोदय उ.मा.वि.का प्रधानाध्यापकज्यूहरु, महिला शिक्षिकाहरु, बालिकाहरु, अभिभावकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, विद्यालयका शिक्षकहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हस्तलिखित पाण्डुलिपिलाई कम्प्युटर टाइप तथा अन्तिम रुपमा तयार गरी सहयोग पुऱ्याउने युनिक कम्प्यूटर सर्भिस सेन्टर, खाँदवारीका भाई प्रविण श्रेष्ठ लाई पनि हार्दिक धन्यवाद प्रकट गर्दछु ।

शोधार्थी

# *शोधसार*

*'छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरु' शीर्षक रहेको शोधपत्रमा सङ्खुवासभा जिल्लाको सहरी र ग्रामीण विद्यालयको प्राथमिक तहमा छात्राहरुको भर्ना र नियमितताको अध्ययन गरिएको थियो । छात्रा भर्ना र नियमितताको स्थितिको पहिचान गर्नुका साथै छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरु पत्ता लगाइ त्यसको विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य राखिएको छ । शोध अध्ययनको क्रममा सम्बन्धित साहित्यको पुनरावलोकन गरी शिक्षा आयोगका प्रतिवेदनहरु २०१० देखि २०५५ सम्मको अध्ययन गरिएको छ । अध्ययनको उद्देश्य परिपूर्तिको लागि दुईवटा विद्यालयहरु असमानुपातिक स्तरीकृत नमूना छनौट विधिको आधारमा छनोट गरिएको छ । अध्ययन मूलतः गुणात्मक प्रकृतिको भएकोले वर्णनात्मक विधिको प्रयोग गरिएको छ । सरोकारवालालाई उद्देश्यमूलक नमूना छनौट विधि र सम्भावनायुक्त नमूना छनौट विधिद्वारा छनौट गरी प्राथमिक तथ्याङ्कहरु सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनको लागि खुल्ला अन्तर्वार्ता सूची, विद्यालय सर्वेक्षण फाराम र प्रत्यक्ष अवलोकनलाई अपनाइएको छ । उद्देश्य पूरा गर्नको लागि द्वितीय स्रोतबाट समेत जानकारी, सूचना र तथ्याङ्कहरु लिइएका छन् ।*

*यसको मुख्य कारण बेरोजगारी, गरीवी, अशिक्षा, जनचेतनाको कमी, धार्मिक तथा साँस्कृतिक कारणको साथै परम्परागत पेशा र व्यवसाय नै हुन् । यी माथिका समस्या कम देखिएका सहरी क्षेत्रमा बालिकाको शिक्षामा पहुँच बढी पाइयो जस अनुसार सहरी क्षेत्रका विद्यालयमा ग्रामीणमा भन्दा छात्रा भर्ना १.६ प्रतिशतले बढी छ । त्यस्तै नियमितता पनि सहरी विद्यालयमा २.७३ प्रतिशतले बढी छ । विश्लेषणको आधारमा बालिकाहरु अझै पनि विद्यालयभन्दा बाहिर छन् । सहरीभन्दा ग्रामीण क्षेत्रमा विद्यालय जाने छात्राको भर्ना र नियमिततामा कमी छ । छात्रा भर्ना र नियमिततामा महिला शिक्षकको व्यवस्था, उदार कक्षोन्नति, अतिरिक्त कार्यकलापमा सहभागिता, बालमैत्रीपूर्ण सिकाइ, व्यवहार, सुरक्षा व्यवस्थाले सकारात्मक प्रभाव पारेको पाइयो ।*

*ग्रामीण क्षेत्रमा छात्राको भर्ना र नियमितता बृद्धि गर्न जनचेतना मूलक कार्यक्रम, अभिभावक शिक्षा र सीपमूलक गुणस्तरीय शिक्षामा जोड दिनु पर्दछ । यसका साथै महिला शिक्षिकाको व्यवस्था र प्रभावकारी शिक्षण विधिको प्रयोगले छात्रा भर्ना र नियमिततामा सकारात्मक*

*प्रभाव पारेकोले महिला शिक्षिकाहरुको व्यवस्था, दण्ड रहित सिकाइ क्रियाकलाप, उदार कक्षोन्नति र समान सहभागितात्मक शिक्षण विधिहरु प्रयोग गर्नु जरुरी देखिन्छ ।*

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता पत्र | III |
| शोधसार | IV |
| संक्षिप्त शब्दहरुको पूर्ण रुप | VI |
| विषयसूचि | VII |


## परिच्छेद एक :

## परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनका उद्देश्यहरू | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ७ |
| १.६ अध्ययनको परीसीमा | ७ |
| १.७ मूख्य शव्दहरुको परिभाषा | ८ |


## परिच्छेद दुई :

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ सैद्धान्तिक खाका | १२ |
| २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग | १५ |

## परिच्छेद तीन :

## अध्ययन विधि


| | |
|---|---|
| ३.१ अनुसन्धानात्मक ढाँचा | १६ |
| ३.२ जनसङ्ख्या र नमूना | १६ |
| ३.३ तथ्याङ्क सङ्कलनका साधनहरू | १७ |
| ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया | १८ |
| ३.५ तथ्याङ्क विश्लेषण प्रकृया | १८ |


## परिच्छेद चार :

## तथ्याङ्कको विश्लेषण, व्याख्या तथा प्रस्तुतीकरण


| | |
|---|---|
| ४.१ छात्राहरूको भर्ना स्थिति | १९ |
| ४.२ छात्राको नियमितताको स्थिति | २१ |
| ४.३ छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरू | २३ |
| ४.३.१ छात्रा भर्नामा प्रभाव पार्ने तत्वहरू | २४ |
| ४.३.१.१ विद्यालयसँग सम्बन्धित तत्वहरू | २४ |
| ४.३.१.२ पारिवारिक कारण/ तत्वहरू | २६ |
| ४.३.१.३ सामाजिक कारणहरू/ तत्वहरू | २६ |
| ४.३.१.४ आर्थिक कारण/ तत्वहरू | २८ |
| ४.३.२ छात्रा नियमिततामा प्रभाव पार्ने तत्वहरू | २९ |
| ४.३.२.१ विद्यालयसँग सम्बन्धित कारणहरू/तत्वहरू | ३० |
| ४.३.२.२ सामाजिक कारणहरू/तत्वहरू | ३२ |
| ४.३.२.३ आर्थिक कारणहरू/तत्वहरू | ३३ |
| ४.४ छात्रा भर्ना र नियमितता बृद्धि गर्ने उपायहरू | ३४ |


## परिच्छेद पाँच :

## निष्कर्ष तथा सुझाव

५.१ निष्कर्ष ३६

५.२ सुझावहरू ३९

सन्दर्भग्रन्थ सूची

अनुसूचीहरु

## संक्षिप्त शव्दहरुको पूर्ण रुप

| | | |
|---|---|---|
| उ.मा.वि. | - | उच्च माध्यमिक विद्यालय |
| जि.शि.का | - | जिल्ला शिक्षा कार्यालय |
| नि.मा.वि. | - | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | - | प्रधानाध्यापक |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| वि. | - | विद्यालय |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | - | विक्रम संवत् |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| रा.शि.आ. | - | राष्ट्रिय शिक्षा आयोग |
| रा.शि.प.यो. | - | राष्ट्रिय शिक्षा पद्दति योजना |
| ने.रा.शि.यो.आ. | - | नेपाल राष्ट्रिय शिक्षा योजना आयोग |
| आ.व. | - | आर्थिक वर्ष |
| EFA | - | Education for All |
| GER | - | Gross Enrollment Rate |
| NER | - | Net Enrollment Rate |
| REFLECT | - | Regenerating Freirean Literacy Through Empowering Community Technique |